# बडा डन कथाको सङ्कथन विश्लेषण

पुष्कर भट्टराई
सुर्खेत बहुमुखी क्याम्पस
bhattaraipushkar2045@gmail.com

प्राप्त मिति: १६ जुलाई २०२६
स्वीकृति मिति: १३ सेप्टेम्बर २०२६
प्रकाशित मिति: अक्टोबर २०२६

## सार

प्रस्तुत अध्ययन *बडा डन कथाको सङ्कथन विश्लेषण* शीर्षकमा सङ्कथन विश्लेषणका आधारमा 'बडा डन' कथाको विश्लेषण गर्नु उद्देश्य राखिएका छन् । 'बडा डन' कथाको सङ्कथन विश्लेषणमा केन्द्रित यस शोध अध्ययनमा विशेषगरी पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । पुस्तकालयीय विधिबाट प्राप्त शोध सामग्रीलाई सङ्कथन विश्लेषण सिद्धान्तको आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । प्राथमिक स्रोतका रूपमा महेश विक्रम शाहद्वारा लेखिएको 'बडा डन' कथालाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा सङ्कथन विश्लेषण सम्बन्धी लेखिएका पुस्तक, लेख, रचना, अनुसन्धानमूलक कृतिहरु, विज्ञका राय, सुझावलाई लिइएको छ ।

'बडा डन' कथामा सार्वनामिक सम्बद्धकअन्तर्गत म, हाम्रो ऊ उसले, त्यो, आफू, म, मलाई, त्यो, त्यहाँ, त्यहीँ, र, कि, जहाँ, के, को, कति, कसरी, कुनै, सायद, पाँचतारे, स्टिम बाथ, एक-दुई, त्यो, त्यहीँ, झन्डावाल जस्ता शब्दहरू प्रयोग भएको छ । स्थानिक सम्बद्धक अन्तर्गत होटल, स्टिम सौना, पाखुरा, दायाँ, बायाँ, ड्राइ साउना कक्ष, बेड, नाइटोमुनि, सावर रुम, विदेश, ज्यकुजी, रोयल बार, घर, तकिया जस्ता सम्बद्धको प्रयोग भएको छ । संयोजन सम्बद्धक अन्तर्गत र, तर, पनि, भने तापनि, कि, यद्यपि, कुन्नि जस्ता सम्बद्धक प्रयोग भएको छ । प्रतिस्थापन सम्बद्धक अन्तर्गत जहाँ, उही, बरु जस्ता सम्बद्धक प्रयोग भएको छ भने निपात सम्बद्धक अन्तर्गत त, नि, पनि, न जस्ता सम्बद्धकहरूको प्रयोग भएको छ ।

**मुख्य शब्दावली** : सङ्कथन, अभिव्यक्ति, मौखिक, लिखित, पुनरावृत्ति, व्याकरणिक

## परिचय

भाषिक एकाइका आधारमा अध्याय भन्दा ठुलो र अनुच्छेदका आधारमा भाषाको समग्र उच्चार नै सङ्कथन हो । सङ्कथन अभिव्यक्तिको पूर्णता हो । संस्कृतको 'कथ' धातुमा 'सम' उपसर्ग र 'अन' परसर्ग गाँसिएर सङ्कथन शब्द निर्माण भएको हो । भाषाको सबैभन्दा माथिल्लो एकाइलाई सङ्कथन भनिन्छ । यसले भाषाको सिङ्गो र स्वतन्त्र अभिव्यक्तिको घटनालाई जनाउँदा ध्वनिदेखि वाक्यसम्मका भाषिक एकाइ सङ्कथनमा उनिएका हुन्छ । यिनीहरू बीचको अन्वितिगत सम्बन्धले अर्थको अविर्भाव गर्छ र मानवीय सञ्चारले पूर्णता प्राप्त गर्दछ । भाषाका कथ्य, लेख्य माध्यमका पूर्ण भाषिक स्वरूपगत एकाइ नै सङ्कथन हुन् । छलफल, कुराकानी, वादविवाद, हाँसो,

ठट्टा, मजाक आदि र सूचना, निवेदन, विज्ञापन, कथा, उपन्यास, चिठी, जीवनी, दैनिकी आदि र अन्य लिखित अनि मौखिक अभिव्यक्ति सङ्कथनका उदाहरणहरू हुन् ।

'कथ्' धातुमा सम्' उपसर्ग र 'अन' प्रत्यय लागेर सङ्कथन शब्दको निर्माण हुन्छ । यसको अर्थ समग्र कथन वा सिङ्गो भनाइ भन्ने हुन्छ । यसलाई वाक्यभन्दा माथिल्लो स्वयम्मा पूर्ण अभिव्यक्ति, अभिव्यक्तिको सिङ्गोरूपका रूपमा लिइन्छ (अधिकारी र भट्टराई, २०६२) । यसर्थ सङ्कथनमा भाषाका सबै एकाइ (ध्वनि, वर्ण, अक्षर, रूप, पदावली, वाक्यांश, वाक्य, अनुच्छेद) को समन्वय हुन्छ । कथ्य सङ्कथन र लेख्य सङ्कथन गरी सङ्कथनका दुई प्रकार देखिन्छ । जसमा, सूचना, गफ, कुराकानी, छलफल, विवाद, भाषा, प्रशंसा जस्ता कथ्य अभिव्यक्ति र कथा, कविता, निबन्ध, संस्मरण, नाटक, उपन्यास, महाकाव्य जस्ता लेख्य पाठ सङ्कथनका उदाहरण हुन् । वाक्यभन्दा माथिल्ला एकाइमा व्याकरणको खोजी नै सङ्कथन हो भन्ने धारणा सङ्कथन विश्लेषणवादीको छ । यसले व्याकरणिक शुद्धतामा भन्दा प्रयोजनमूलक अर्थसँग सम्बन्ध राख्छ । सङ्कथनले विद्यार्थीको सम्प्रेषण क्षमतालाई विस्तृत बनाउँछ । त्यसैले यसलाई सम्प्रेषणात्मक व्याकरण पनि भनिन्छ (शर्मा, २०६९) । सङ्कथनले वक्ता, स्रोता र परिवेशलाई विशेष महत्त्व दिन्छ । यो भाषाको अन्तरक्रियात्मक अभिव्यक्ति हो ।

सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको नवीन शाखा हो । सन् १९५० पछि मात्र यसको सुरुवात भए पनि सन् १९६० को दशक पछाडि यसको विकास भएको हो । प्रारम्भमा कथ्य भाषाका कथन घटनासँग सम्बन्धित सिङ्गा अभिव्यक्तिलाई मात्र सङ्कथन मानिन्थ्यो भने वर्तमान समयमा लेख्य भाषाका लिखित तथा मौखिक दुवै अभिव्यक्तिहरूलाई सङ्कथन भन्ने गरिएको छ । मौखिक तथा लिखित दुवै भाषिक उच्चारलाई सङ्कथन भनिए पनि यिनको गठन प्रस्तुतिमा भने भिन्नता पाइन्छ । थेगोको प्रयोग, हाउभाउ र वक्ता र स्रोताको अन्तपरिर्त्यको स्थिति आदि जस्ता विशेषता मौखिक सङ्कथनात्मक स्व रूपमा पाइन्छ भने सुसङ्गठित प्रस्तुति, मानक भाषाको प्रयोग, अभिनयात्मक पक्षको कम प्रयोग आदि जस्ता विशेषताहरू लिखित सङ्कथनात्मक स्वरूपका विशेषताहरू हुन् ।

सङ्कथन विश्लेषण उत्तरवर्ती साहित्य समालोचना सिद्धान्तहरूमध्ये एक भाषावैज्ञानिक दृष्टिकोण हो । सन् १९५० पछि सुरु भई सन् १९६० को दशकपछि तीव्र गतिमा विकास भएको सङ्कथन अध्ययनमा भाषिक उच्चा र र त्यसले गर्ने सम्प्रेषणात्मक कार्यको खोजी गरिन्छ । वाक्यभन्दा माथिल्लो भाषाको सबैभन्दा ठूलो एकाइलाई सङ्कथन भनिन्छ तापनि सानो ठूलो संरचनामा निर्मित पूर्ण अभिव्यक्ति कथनलाई सङ्कथनका रूपमा लिइन्छ (पौडेल, २०६९) । यसमा भाषाका समग्र तत्त्वको एकीकृत स्वरूप अन्तर्निहित हुन्छ ध्वनि, वर्ण, अक्षर, रूप, शब्द, पदावली, वाक्य अनुच्छेद सुनिश्चित सङ्कथनमा उनिएका हुन्छ ।

कुनै लामो, छोटो अभिव्यक्ति, साइबर च्याट, इन्टरनेट सम्पर्क, टेलिफोन कुराकानी, कक्षा शिक्षण, संवाद, भाषण, पाठ, कथा, कविता आदि सङ्कथनका उदाहरण हुन् । सङ्कथन कथ्य, लेख्य, औपचारिक, अनौपचारिक, श्रव्य, पाठ्य, दृश्य विभिन्न स्वरूपमा अभिव्यक्त हुन्छ । अतः सङ्कथन त्यस्तो उच्चार हो, जसमा वक्ता, श्रोता र विषय (सन्दर्भ) अपेक्षित हुन्छ । सङ्कथन विश्लेषण पाठको भाषिक विश्लेषण मात्र नभई भाषामा आएको सामाजिक संरचना र सन्दर्भको पनि विश्लेषण हुन्छ, जसलाई पाठको बाह्य तथा आन्तरिक सम्बन्धको विश्लेषण पनि भनिन्छ । सङ्कथन विश्लेषणमा समतलीय तथा उर्ध्वतलीय पद्धतिको सहयोग लिइन्छ । यसले व्याकरणिक शुद्धतामा भन्दा प्रयोजनमूलक अर्थसँग सम्बन्ध राख्छ । सङ्कथन विश्लेषणलाई सुरुमा संवाद विश्लेषण (डिस्कोर्स एनालाइसिस) मात्र भनिएकोमा अहिले लेख्य, कथ्य दुवै अभिव्यक्तिलाई यसभित्र समेटिन्छ (गौतम, २०६९) । सङ्कथन विश्लेषणमूलतः सम्बद्धक र सम्बद्धनलाई आधार बनाइन्छ ।

मानवीय अनुभवलाई भाषाको उपयुक्त एकाइमा उन्ने वा अन्वितिपूर्ण बनाउने काममा सम्बद्धक तथा सम्बद्धन जस्ता सङ्कथनगत युक्तिहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छ । सङ्कथनमा भाषाका पृथक पृथक एकाइलाई सिङ्गो संरचना तथा अर्थगत एकाइमा उनी समग्रताको स्वरूप निर्माण गर्ने काम सम्बद्धक र सम्बद्धनले गरेका हुन्छ । सङ्कथनमा अघिल्लो वाक्यको पछिल्लो वाक्यसँग व्याकरणिक तथा आर्थी सम्बन्धको काम गर्ने यी युक्तिले विशेषगरी सङ्कथनात्मक पाठका वैचारिक शृङ्खलालाई विस्तार गर्ने, स्पष्टीकरण दिने, थपोट गर्ने, कार्यकारण सम्बन्ध दर्शाउने, समर्थन तथा विरोध गर्ने भूमिका खेल्न सहयोग पुऱ्याएका हुन्छ । मानवीय अभिव्यक्तिको समग्र कथनमा सार्वनामिक, स्थानिक, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन, लोप, कोशीय अर्थसम्बन्ध जस्ता सम्बद्धक र सामान्य विशिष्ट, विशिष्ट सामान्य, कार्यकारण प्रभाव परिणाम जस्ता सम्बद्धनहरू रहेका हुन्छ । सम्बद्धक र सम्बद्धनको पूर्वापर सम्बन्ध नै समग्र कथन वा सङ्कथन हो ।

भाषिक उच्चारणमा भएका व्याकरणिक, आर्थी सम्बन्धको भेउ पाउन सङ्कथन विश्लेषणले सहयोग पुऱ्याउँछ । भाषिक उच्चारणमा भएका व्याकरणिक तथा आर्थी सम्बन्धको विश्लेषण गरी व्याकरणिक, आर्थी पक्षको जानकारी लिन सङ्कथन विश्लेषणको आवश्यक पर्छ । शिक्षणका सन्दर्भमा पाठ्य सामग्रीमा प्रयोग गरिएका सङ्कथनको विश्लेषण गरी पाठ्य सामग्रीको स्तर उपयुक्त र पाठ्य सामग्री निर्माणमा सहयोग तथा सङ्कथन पठन पाठनका लागि सामग्री निर्माणमा सङ्कथन विश्लेषणले सहयोग पुऱ्याउँछ । त्यसैले यस शोध अध्ययनमा सङ्कथन विश्लेषणको अवधारणा, सम्बद्धक र सम्बद्धनका आधारमा 'बडा डन' कथाको विश्लेषण गरिएको छ । 'बडा डन' कथाको सङ्कथन विश्लेषण शीर्षकको अध्ययन निम्न समस्यामा सङ्कथन

विश्लेषणका आधारमा 'बडा डन' कथाको विश्लेषण कसरी गर्न सकिन्छ ? 'बडा डन' कथामा प्रयुक्त सम्बद्धकहरूको विश्लेषण कसरी गर्न सकिन्छ ? 'बडा डन' कथामा प्रयुक्त सम्बद्धनहरूको विश्लेषण कसरी गर्न सकिन्छ ?

## उद्देश्य

यस अध्ययनका उद्देश्य सङ्कथन विश्लेषणका आधारमा 'बडा डन' कथाको विश्लेषण गर्नु,

## सीमा

यस अध्ययनको मुख्य पक्ष सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणाको उल्लेख गर्नु भएकाले महेशविक्रम शाहको भुँइखाट कथासंग्रह अन्तर्गतको 'बडा डन' कथामा भएका सम्बद्धक तथा सम्बद्धनको खोजी गरी विश्लेषण गर्नुमा सीमित रहेको छ भने सङ्कथनका तत्त्वका बारेमा सामान्य जानकारीमा मात्र सीमित गएिको छ ।

## पूर्वसाहित्यको पुनरावलोकन

सङ्कथन शब्द 'कथ्' धातुमा 'सम्' उपसर्ग र 'अन' परसर्ग गाँसिएर बनेको शब्द हो । यसको अर्थ अभिव्यक्तिको सिङ्गो रूप, समग्र कथन भन्ने हुन्छ । सङ्कथन वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो । सङ्कथन अङ्ग्रेजी भाषा डिस्कोर्षको नेपाली रूपान्तरण हो । डिस्कोर्षको अर्थ कुनै लामो वा गम्भिर उपचार कथ्य लेख्य रूपमा कुनै विषयमा भएको कुराकानी छलफल भन्ने हुन्छ (पौडेल, २०६९ : १५) । सङ्कथनसम्बन्धी अवधारणाको प्रारम्भमा कथ्य भाषाका कथन घटनासँग सम्बन्धित सिङ्गा अभिव्यक्तिलाई मात्र सङ्कथन मानिन्थ्यो । यसअन्तर्गत विभिन्न अन्तरक्रियात्मक/संवादात्मक अभिव्यक्ति एकालापपूर्ण कथा कथन, भाषण, प्रवचन पर्थे तर वर्तमान सन्दर्भमा लेख्यभाषाका समग्र अभिव्यक्ति यसमा समेटिएका छन् ।

सङ्कथन विश्लेषण भाषावैज्ञानिक, समाजभाषा वैज्ञानिक तथा मनोभाषा वैज्ञानिकले भिन्न-भिन्न आधारमा गर्न सकिने बताएका छन् तापनि सङ्कथन विश्लेषण गर्दा पाठको बाह्य (भाषिक संरचना) पक्ष र आन्तरिक (आन्तरिक संरचना र सन्दर्भ) पक्षमा विशेष जोड दिन्छ । अतः सङ्कथन विश्लेषणमा भाषिक र सन्दर्भपरक पक्षलाई समेट्नु पर्छ । सङ्कथनमा प्रस्तोता (वक्ता, लेखक), बोद्धा (स्रोता, पाठक) मार्ग (माध्यम, सूचनाको स्वरूप, विषय (शीर्षक), कोड र परिवेश जस्ता तत्त्व समाविष्ट हुन्छ । सङ्कथन विश्लेषणमा उर्ध्वगमन पद्धति, अधोगमन पद्धति अन्तरक्रियात्मक पद्धतिको सहयोग लिन्छ (गौतम, २०६९) । सङ्कथनलाई सम्बद्धक, सम्बद्धन जस्ता युक्ति र सामाजिक सन्दर्भका आधारमा पनि विश्लेषण गर्न सकिन्छ ।

### सङ्कथनका प्रकार

सङ्कथनका विविध प्रकार भए पनि मुख्य गरेर सङ्कथनलाई कथ्य र लेख्य गरी विभाजन गर्नु उपयुक्त हुने भएकाले तिनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**कथ्य सङ्कथन**

समाजका खास किसिमका परिवेशमा आधारित कथन घटनासँग सम्बन्धित सङ्कथनलाई कथ्य सङ्कथन भनिन्छ । कथ्य सङ्कथनलाई मौखिक सङ्कथन पनि भनिन्छ । भाषाको मौखिक अभिव्यक्तिसँग वक्ता र स्रोताको आमनेसामने संलग्नता रहने सङ्कथनलाई कथ्य सङ्कथन भनिन्छ । कथ्य सङ्कथन, कथन घटना अन्तर्गत गफ, कुराकानी, संवाद, छलफल, भलाकुसारी, परिचय, वादविवाद, गाली, मजाक, मौखिक वर्णन, कथाकथन, मौखिक विवरण, आज्ञा, आदेश, निर्देशन, भाषण, प्रश्नोत्तर स्वीकार, समर्थन, विरोध क्षमा याचना, शपथ, अनुमोदन, आशीर्वाद, सान्त्वना, प्रशंसा, व्यङ्ग्य, शुभकामना अनेकौँ र सबै प्रकारका सानाठूला अभिव्यक्ति पर्छन् । कथ्य सङ्कथनमा भाषिक सामग्रीमा मात्र निर्भर नभई भाषिकेत्तर सङ्केत हाउभाउ, अङ्ग सञ्चालन जस्ता कुराको समेत उपयोग गर्न सकिन्छ (शर्मा, २०६९) । लेख्य सङ्कथनका तुलनामा कथ्य सङ्कथन प्राचीन, लचिलो, क्षणिक र अस्थायी किसिमको हुन्छ ।

**लेख्य सङ्कथन**

लेख्य सङ्कथन भाषाका लिखित पाठसित सम्बन्धित र समाजका विविध परिवेशमा आधारित लिखित घटनासँग सम्बन्धित हुन्छ । यस्ता सङ्कथनहरू पूर्णतः भाषिक सामग्रीमा निर्भर हुन्छ । कथ्य सङ्कथनका तुलनामा भाषिक दृष्टिले निकै भरिला, खदिला, कसिला र सुसङ्गठित हुन्छ । यस्ता सङ्कथनमा कथा, कविता, निबन्ध, नाटक, एकाङ्की उपन्यास, उजुरी, निमन्त्रण, निवेदन, शुभकामना, सूचना, विज्ञापन, समीक्षा, मनोवाद, वादविवाद, जीवनी, नियात्रा, संस्मरण, चिठी जस्ता अनेकौँ साना ठूला विधा पर्दछ । लेख्य सङ्कथनमा कथ्य सङ्कथन जस्तै लेखक, पाठकको प्रत्यक्ष संलग्नता नहुने भएकाले तत्काल सुधार्ने अवसर मिल्न गाह्रो हुन्छ भने यसमा लेखक धेरै सचेत हुनु आवश्यक देखिन्छ (शर्मा, २०६९) । लेख्य सङ्कथनमा प्रयोग हुने भाषा मानक, स्तरीय र व्याकरणका दृष्टिले समेत उपयुक्त हुन्छ । लेख्य सङ्कथन बुझ्न साक्षर व्यक्तिको अनिवार्यता रहन्छ ।

**सङ्कथनका युक्ति**

सङ्कथनमा अभिव्यक्त विषयवस्तुलाई भाषिक एकाइमा उन्न, विषयवस्तुलाई शृङ्खलित बनाउन, एकीकृत गर्न र अन्वितिपूर्ण रूपमा अघि बढाउन सङ्कथनका युक्तिले ठूलो भूमिका खेल्दछन् । युक्तिहरूले यस्तो भूमिका खेल्न नसकेमा भाषा सम्प्रेषणीय हुन सक्दैन ।

**सम्बद्धन**

सङ्कथनमा रहने दुई मुख्य युक्तिमध्येको एक सम्बद्धन हो । सम्बद्धनले सङ्कथनमा विचार, भाव अभिव्यक्तिलाई निश्चित क्रम सिलसिलामा बाँध्ने कार्य गर्छ । यसलाई सङ्कथनमा हुने अन्तः सूत्र, अन्विति सूक्ष्म पक्ष मानिन्छ । सङ्कथनमा सम्बद्धन अनिवार्य पक्ष हो । सम्बद्धन सङ्कथनको

भाषेतर र अर्थ पक्षसँग सम्बन्धित युक्ति हो । यसले सङ्कथनको आन्तरिक परिवेश तथा वक्ता, स्रोता बिचको अनुभवको तालमेललाई बुझाउँछ (अधिकारी, २०६२) । यसो भएमा मात्र बोद्धा र पाठकलाई विषयवस्तु बुझ्न सरल र सहज हुने गर्दछ र विचारको तर्कसङ्गत विस्तार हुन्छ ।

सङ्कथन विश्लेषण भाषाविज्ञानको पछिल्लो र नवीन शाखाका रूपमा विकसित भएको प्रायोगिक भाषा विज्ञानको एउटा शाखा हो । यसले सङ्कथनको बाह्य र आन्तरिक अर्थात संरचना र अर्थ पक्षको विश्लेषण गर्दछ । सङ्कथनका युक्ति दुई ओटा छन् : सम्बद्धक र सम्बद्धन । सङ्कथन निर्माणमा भाषिक घटकलाई बाह्य रूपमा आपसमा जोड्ने संरचनात्मक र कोशीय जोडक शब्द सम्बद्धक हुन् । सम्बद्धक मुख्यतः सार्वनामिक, कालिक वा स्थानिक, संयोजक, प्रतिस्थापन, पुनरावृत्ति, लोप, निपात र कोशीय सम्बद्धक पर्यायवाची, विपरीतार्थी, समावेशक-समावेश्य, सन्निधान र प्रकारान्तर सम्बद्धक हुन्छ । त्यसैगरी सङ्कथनमा आन्तरिक सम्वद्धता निर्माण गर्ने तत्त्व सम्बद्धन हो । सम्बद्धनले सङ्कथनमा सामान्य विशिष्ट, विशिष्ट सामान्य, कार्य कारण, कारण कार्य, प्रभाव र प्रतिफल घटना र परिवेश आदि विभिन्न किसिमका अर्थ सम्बन्धहरूलाई जनाउँछ ।

अधिकारी (२०७६) द्वारा **आमा ! जानुहोस् कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रको उद्देश्य सङ्कथन विश्लेषणका आधारमा 'आमा ! जानुहोस' कथाको विश्लेषण गर्न, उक्त कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको खोजी र विश्लेषण गर्नु रहेको छ । यस शोध अध्ययनमा विशेषगरी पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा माया ठकुरीकृत स्नातकोत्तर पहिलो वर्षको नेपाली विषयमा समाविष्ट 'आमा ! जानुहोस्' कथालाई लिइएको छ । यस अध्ययनको मुख्य पक्ष सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणाको उल्लेख गरी आमा ! जानुहोस् कथामा भएका सम्बद्धक तथा सम्बद्धनको विश्लेषण गरी निष्कर्ष सहित सुझाव दिने कार्यमा सीमित गरिएको छ । यस कथामा सबैभन्दा बढी व्याकरणिक सम्बद्धकअन्तर्गत सार्वनामिक, स्थानिक, कालिक संयोजनको प्रयोग भएको छ भने निपात, लोप र प्रतिस्थापन सम्बद्धकको कथाको आकार अनुसार न्युन मात्रामा प्रयोग भएको, कोशीय सम्बद्धकअन्तर्गत पर्यायवाची, विपरीतार्थी, समावेशक-समावेश्य, सन्निधान वा सहप्रयोग जस्ता सम्बद्धकहरूको न्युन प्रयोग भएको, सम्बद्धनअन्तर्गत अनुक्रमबोधक, आर्थी पर्याय, आर्थी विपर्याय, स्पष्टोक्ति, स्मरण, निहितार्थ, शीर्घताबोधक, प्रश्नार्थक सम्बद्धनको उचित प्रयोग भएको, आज्ञार्थक, परिचयात्मक, अर्थी पर्याय, सामान्य विशिष्ट जस्ता सम्बद्धनहरूको कथाको आकारअनुसार कम प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

भुसाल (२०७७) द्वारा **'गाउँको माया' कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधपत्रको उद्देश्य सङ्कथन विश्लेषणका आधारमा 'गाउँको माया' कथाको

विश्लेषण गर्न, उक्त कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको खोजी गर्नु र विश्लेषण गर्नु रहेको छ । यस शोध अध्ययनमा विशेषगरी पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्रमा साहित्यकार इस्मालीद्वारा रचित सामाजिक परिवेश, बालमनोविज्ञानको यथार्थमा आधारित कथा 'गाउँको माया' कथाको सङ्कथन विश्लेषण गरिएको छ । सङ्कथनका युक्ति भाषा अनुसार फरक किसिमका भए पनि नेपाली भाषामा प्रयोग हुन सक्ने सम्बद्धकलाई मोटामोटी रूपमा व्याकरणिक र कोशीय गरी दुई प्रकारमा वर्गीकरण गरिएको छ । यस कथामा व्याकरणिक सम्बद्धक अन्तर्गत सार्वनामिक सम्बद्धक, स्थानिक सम्बद्धक कालिक सम्बद्धक, संयोजन/संयोजक सम्बद्धक, पुनरावृत्ति, प्रतिस्थापन सम्बद्धक अन्तर्गत जो, त्यो जस्ता सम्बद्धक, लोप सम्बद्धक, निपात सम्बद्धक प्रयोग भएको छ । त्यसैगरी कोशीय सम्बद्धकअन्तर्गत पर्यायवाची, विपरीतार्थी, समावेश्य र समावेशक, सन्निधान वा सहप्रयोग सम्बद्धक प्रयोग भएको निष्कर्ष निकालिएको छ । सङ्ख्यात्मक रूपमा हेर्दा यस कथामा सबैभन्दा बढी व्याकरणिक सम्बद्धक जसअन्तर्गत सार्वनामिक, स्थानिक, कालिक, संयोजन, निपात, लोप र प्रतिस्थापन सम्बद्धकको कथाको लम्बाई अनुसार न्यून मात्रामा प्रयोग भएको पाइन्छ । त्यसैगरी कोशीय सम्बद्धकअन्तर्गत विपरीतार्थी, पर्यायवाची, समावेशक-समावेश्य, सन्निधान वा सहप्रयोग जस्ता सम्बद्धक न्यून मात्रामा प्रयोग भएको देखिन्छ । 'गाउँको माया' कथालाई एउटा पूर्ण पाठ/सङ्कथन मानेर सम्बद्धक र सम्बद्धनको प्रयोगका दृष्टिले विश्लेषण गरिएको छ । सङ्कथनका दृष्टिले कथा रोचक र उपयुक्त नै रहेको निष्कर्ष निकालिएको छ ।

## अध्ययनको ढाँचा र विधि

प्रस्तुत अध्ययनमा महेशविक्रम शाहद्वारा २०७६ सालमा प्रकाशित भुइँखाट कथासङ्ग्रहभित्र समावेश गरिएको 'बडा डन' कथाको सङ्कथन विश्लेषण गरिएको छ । भुइँखाट कथा सङ्ग्रहभित्र भुइँखाट, सिंहदरबार, निना, टेपरी गाउँ, थाक्पा, गोल्डफिस, नवाबगन्ज, प्रभुको सालिक, बिजुलीदेवी, बडा डन, मध्यरातमा म्यानहटन, युरी र इन्डियानो, शीतलहर, मिस्टर एनोड र मिसेज क्याथोड, सुपारी, गुलाफ, रु.दश लाख र पचास बिडा पान गरी जम्मा १८ ओटा कथा समेटिएका छन् । यस कथासङ्ग्रहभित्र समाजमा लुकेर रहेका सामाजिक विसङ्गति, संस्कार, जातीय, राजनीतिक विषयवस्तु समेटिएर लेखिएका कथा रहेका छन् । यस कथासङ्ग्रहमा कथाकारका जीवन भोगाइ, अनुभव समेटिएका छन् । भुइँखाट कथासङ्ग्रह महेशविक्रम शाहको सातौँ कथासङ्ग्रह हो । प्रस्तुत अध्ययनमा वर्णनात्मक ढाँचा, पुस्तकालयीय विधि र गुणात्मक प्रकृतिको प्रयोग गरिएको छ ।

महेश विक्रम शाहको 'बडा डन' कथा सङ्ग्रहमा सङ्कलित सम्पूर्ण अठार कथाहरू अध्ययनको जनसङ्ख्या रहेका छन् र ती कथाहरू मध्येबाट उद्देश्यमूलक नमूना छनौट विधिको

प्रयोग गरी 'बडा डन' कथालाई अध्ययनको नमूनाका रूपमा चयन गरिएको छ । प्रस्तुत अध्ययनको तथ्याङ्क महेशविक्रम शाहको भुँइखाट कथासंग्रहमा सङ्ग्रहित 'बडा डन' कथालाई प्राथमिक स्रोतको सामग्रीको रूपमा लिई अध्ययन विश्लेषण गरिएको छ । यसमा पुस्तकालय विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

प्रस्तुत अध्ययनमा 'बडा डन' कथाको सङ्कथन विश्लेषण गरिएको छ । यस कथालाई सङ्कथन विश्लेषणको सिद्धान्तका आधारमा विभिन्न शीर्षक, उपशीर्षकमा राखी विश्लेषण गरिएको छ । यसमा सम्बद्धक र सम्बद्धनका आधारमा 'बडा डन' कथाको तार्किक विश्लेषण गरिएको छ ।

## तथ्याङ्कको व्याख्या र विश्लेषण

### व्याकरणिक सम्बद्धक

सङ्कथनको संरचनामा आई व्याकरणिक सम्बन्ध दर्शाउने सम्बद्धक व्याकरणिक सम्बद्धक हुन् । यिनीहरूले खास सन्दर्भमा प्रयोग भई प्रसङ्गगत, सन्दर्भगत अर्थ दिन सहयोग पुर्‍याउँछन् । व्याकरणिक सम्बद्धक निश्चित हुन्छ र यिनले कोशीय शब्दबाट प्राप्त हुने सूचनालाई आपसमा जोड्ने, मोड्ने र शृङ्खलावद्ध गरी सूचनालाई सङ्गठित पार्ने काम गर्दछन् । प्रस्तुत अध्ययनमा महेशविक्रम शाहकृत 'बडा डन' कथामा प्रयुक्त सार्वनामिक, स्थानिक, कालिक, संयोजन, प्रतिस्थापन, लोप र निपात सम्बद्धकहरूको प्रयोगको अवस्था र त्यसको भूमिकाको व्याख्या र विश्लेषण गरिएको छ ।

### सार्वनामिक सम्बद्धक

सम्बद्धक भनेका वाक्य वा त्यसभन्दा माथिका भाषिक एकाइलाई अन्तरसम्बन्धित बनाउने वा एक आपसमा जोड्ने युक्ति हुन् । नामको सट्टामा प्रयोग हुने सार्वनामिक पदलाई सार्वनामिक सम्बद्धक भनिन्छ । वाक्यभित्र वाक्यका बीचमा आउने कथन खण्डको विषयवस्तु वा विचारलाई सङ्गठित बनाउन सार्वनामिक सम्बद्धक अग्र सन्दर्भक र पश्चसन्दर्भक दुवै रूपमा आउन सक्छ ।

### पुरुषवाचक सार्वनामिक सम्बद्धक

अध्ययन गरिएको बडा डन कथामा थुप्रै पुरुषवाचक सार्वनामिक सम्बद्धकको प्रयोग भएको पाइन्छ । जस्तै :

→ म उसको मोबाइल देखेर अचम्मित थिएँ । (अ.१)

म - (प्रथम पुरुष)

→ स्टिम बाथको समयमा पनि ऊ तारन्तार मोबाइल चलाइरहेको थियो । (अ.२)

ऊ - (तृतीय पुरुष)

→ हाम्रो कम्मरमुनि सेतो तौलिया बेरिएको थियो । (अ.२)

हाम्रो - (द्वितीय पुरुष)

→ उसले लामो सास तान्दा पेटसँग करङ छुट्टिएर छवटा असला माछा बन्थे । (अ.५)

उसले - (तृतीय पुरुष)

→ "हजुर मोबाइल म बोकौ कि !" (अ.१२)

म - (प्रथम पुरुष)

→ आँखा चिम्म गरेर सुतिरहेको भान भए पनि सायद ऊ सुतिरहेको थिएन । (अ.१६)

ऊ - (तृतीय पुरुष)

→ त्यो मान्छे को हुन सक्छ, म कसरी अनुमान गरुँ ?

त्यो - (तृतीय पुरुष), म - (प्रथम पुरुष)

उपयुक्त वाक्यहरूमा आएका म प्रथम पुरुष, हाम्रो द्वितीय पुरुष र ऊ, उसले, त्यो तृतीय पुरुष सार्वनामिक सम्बद्धक हुन् । जसले वाक्यलाई नामको सट्टामा सर्वनामको रुपमा आई छोटो, छरितो र मिठासपूर्ण बनाएको छ ।

**आत्मवाचक सार्वनामिक सम्बद्धक**

अध्ययन गरिएको बडा डन कथामा आत्मवाचक सार्वनामिक सम्बद्धकको प्रयोग भएको पाइन्छ । जुन निम्नानुसार चर्चा गरिएको छ :

→ मलाई लाग्दैन कि उसलाई पनि बाफसँग कुनै गुनासो थियो । (अ.२)

मलाई - (आत्मवाचक सर्वनाम)

→ म पक्क परेर ती दुवै टाटु हेर्थे र फेरि आँखा चिम्लेर ध्यानस्थ भए जस्तो गर्थे । (अ. ४)

म - (आत्मवाचक सर्वनाम)

→ मैले आफूलाई अझ ताजा महसुस गरें । (अ. १३)

आफू - (आत्मवाचक सर्वनाम)

→ यो मेरो नयाँ डन थियो, जो मलाई चिन्दैनथ्यो कि म उसको 'बडा डन' हुँ । (अ. ४८)

मेरो, मलाई - (आत्मवाचक सर्वनाम)

उपयुक्त वाक्यहरूमा मलाई, म, आफू र मेरो जस्ता आत्मवाचक सर्वनामले मानवीय सन्दर्भ व्यक्त गर्दै विभिन्न नामको सट्टामा प्रयोग भई वाक्यलाई मिठास बनाउने काम गरेका छन् ।

**दर्शकवाचक सार्वनामिक सम्बद्धक**

→ त्यो पनि मैले भन्नुपर्ने ? (अ.१४)

त्यो - (दूरवर्ती दर्शकवाचक)

→ त्यो मान्छे को हुन सक्छ, म कसरी अनुमान गरुँ ? (अ.१५)

त्यो - (दूरवर्ती दर्शकवाचक)

→ "को हो त्यो लेख्ने ? (अ.२१)

त्यो - (दूरवर्ती दर्शकवाचक)

→ त्यो चिन्डेका कुराले मेरो दिमाग रन्थनिइरहेको थियो । (अ. २३)

त्यो - (दूरवर्ती दर्शकवाचक)

→ यो थाहा हुँदाहुँदै पनि ऊ निसङ्कोच ती कुराहरू गरिरहेको थियो, जुन कुरा एक्लै हुँदा पनि मान्छे एक पटक दायाँबायाँ हेरेर मात्र बोल्छ । (अ.३३)

यो - (निकटवर्ती दर्शकवाचक)

→ ऊ त्यहाँ थिएन तर तकियानिर उसको मोबाइल थियो । (अ. ३९)

त्यहाँ - (दूरवर्ती दर्शकवाचक)

→ ऊ त्यहीँ थियो - काठको फल्याकमाथि सेतो तौलिया ओछ्याएर आँखा चिन्न गरी बुद्धासनमा सौनाको आनन्त लिइरहेको । (अ. ४०)

त्यहीँ - (दूरवर्ती दर्शकवाचक)

→ त्यो मान्छे जिम गरेर फर्किंदै थियो रे !" (अ. ४५)

यी - (निकटवर्ती दर्शकवाचक)

→ यो मेरो नयाँ डन थियो, जो मलाई चिन्दैनथ्यो कि म उसको 'बडा डन' हुँ । (अ.४८)

त्यो - (दूरवर्ती दर्शकवाचक)

उपयुक्त वाक्यहरूमा यो, यी बाट बनेका सर्वनाम निकटवर्ती दर्शकवाचक सर्वनाम हुन् । यिनीहरूले दर्शकवाचक सार्वनामिक सम्बद्धकको काम गरेका छन् । त्यसैगरी त्यो, त्यहाँ, त्यहीँ, जस्ता सर्वनामहरूले दूरवर्ती दर्शकवाचक सर्वनामको काम गरेका छन् ।

**सम्बन्धवाचक सार्वनामिक सम्बद्धक**

→ स्टिम सौनाको सानो तर सानदार कक्ष, मानौ एउटा प्रेसर कुकर थियो, जहाँ हामी दुवै आलु बनेर पसेका थियौं र उसिनिनका लागि व्यग्रताका साथ कुरिरहेका थियौं । १

तर, र - (सम्बन्धवाचक)

→ मलाई लाग्दैन कि उसलाई पनि बाफसँग कुनै गुनासो थियो । २

कि - (सम्बन्धवाचक)

→ जसले हेर्दा मलाई गम्भीर मुद्रामा देख्यो होला तर म मनमनै मुस्कुराइरहेको थिएँ । ४

तर - (सम्बन्धवाचक)

→ ऊ आफूले आदर गर्ने कुनै व्यक्तिसँग कुरा गरिरहेको भान हुन्थ्यो तर कुरा गर्ने शैलीले भने मलाई अचम्मित तुल्याइरहेको थियो । २७

तर - (सम्बन्धवाचक)

→ जिमखाना आफैँमा खुला ठाउँ हो, जहाँ थरीथरीका सोच र थरीथरीका ज्यानका मान्छे आउँछन् । ३३

जहाँ - (सम्बन्धवाचक)

→ पैसा र पावरको गुरुत्वले हो वा देहको आकर्षणले, यसै भन्न सक्तिनँ तर ङनका पछिपछि सुन्दरीहरू मात्र हो र ! ३५

वा - (सम्बन्धवाचक)

→ "ए कुरा त ठीकै हो नेताज्यू तर म तपाईको पार्टीमा कसरी आउनु ?

तर - (सम्बन्धवाचक)

→ ऊ त्यहाँ थिएन तर तकियानिर उसको मोबाइल थियो । ३९

तर - (सम्बन्धवाचक)

→ मतिर हेर्दै ऊ मुस्कुरायो तर उसलाई हेरेर म मुस्कुराउन सकिनँ । ४१

तर - (सम्बन्धवाचक)

माथिका वाक्यमा प्रयोग भएका तर, र, कि, जहाँ, वा जस्ता सम्बन्धवाचक सार्वनामिक सम्बद्धकको रूपमा आएको पाइन्छ ।

**प्रश्नवाचक सार्वनामिक सम्बद्धक**

→ "अँ के हो भन् ?" ३

के - (प्रश्नवाचक)

→ "को हो त्यो ?" ३

को - (प्रश्नवाचक)

→ "के गर्नुपर्‍यो रे ?" ७

के - (प्रश्नवाचक)

→ "ए कति पेटी दिने भन्छ ?" ७

कति - (प्रश्नवाचक)

→ "के भन्छे ?" १३

के - (प्रश्नवाचक)

→ त्यो साला वकिललाई कसरी भुटेको थिइस् गोरु ? १४

कसरी - (प्रश्नवाचक)

→ त्यो मान्छे को हुन सक्छ, म कसरी अनुमान गरुँ ? १५

को - (प्रश्नवाचक)

→ कति न आफ्नो खल्तीबाट दिने जस्तो ! हरामी ! मैले भनेको पनि नमान्ने ?" ऊ बुदबुदाइरहेको थियो । १६

कति - (प्रश्नवाचक)

→ "राजनीतिमा अपराधीकरण ! त्यो भनेको के ?" २०

के - (प्रश्नवाचक)

→ "को हो त्यो लेख्ने ? २०

को - (प्रश्नवाचक)

माथिका वाक्यहरूमा प्रयोग भएका के, को, कति, कसरी जस्ता प्रश्नवाचक सार्वनामिक सम्बद्धक हुन् ।

**अनिश्चयवाचक सार्वनामिक सम्बद्धक**

→ मलाई लाग्दैन कि उसलाई पनि बाफसँग कुनै गुनासो थियो । २

कुनै - (अनिश्चयवाचक)

→ आँखा चिम्म गरेर सुतिरहेको भान भए पनि सायद ऊ सुतिरहेको थिएन । १२

सायद - (अनिश्चयवाचक)

→ उसको संवादबाट थाहा पाउन सकिन्थ्यो - कुनै मान्छे एक-दुई दिनमा मर्दै छ । १५

कुनै - (अनिश्चयवाचक)

→ सायद ऊ ध्वाँस देखाइरहेको थियो । ३४

सायद - (अनिश्चयवाचक)

माथिका वाक्यहरूमा प्रयोग भएका कुनै, सायद जस्ता शब्दहरू अनिश्चयवाचक सार्वनामिक सम्बद्धकको रूपमा प्रयोग भएका छन् । कथाको लम्बाई अनुसार अनिश्चयवाचक सार्वनामिक सम्बद्धकको कम प्रयोग भएको पाइन्छ ।

**निश्चयवाचक सार्वनामिक सम्बद्धक**

→ पाँचतारे होटलको जिमखाना । १

पाँचतारे - (निश्चयवाचक)

→ स्टिम बाथको समयमा पनि ऊ तारन्तार मोबाइल चलाइरहेको थियो । २

स्टिम बाथ - (निश्चयवाचक)

→ उसको संवादबाट थाहा पाउन सकिन्थ्यो - कुनै मान्छे एक-दुई दिनमा मर्दै छ । १५

एक-दुई - (निश्चयवाचक)

→ त्यो मान्छे को हुन सक्छ, म कसरी अनुमान गरुँ ? १५

त्यो - (निश्चयवाचक)

→ ऊ त्यहीँ थियो - काठको फल्याकमाथि सेतो तौलिया ओछ्याएर आँखा चिम्न गरी बुद्धासनमा सौनाको आनन्द लिइरहेको । ४०

त्यहीँ - (निश्चयवाचक)

→ झन्डावाल गाडीमा घर फर्किरहेका बेला मेरो सुरक्षा गार्डले भन्यो - "हजुर, भर्खरै यहाँ एउटा मान्छेको गोली हानी हत्या भएछ । ४५

झन्डावाल - (निश्चयवाचक)

माथिका वाक्यमा प्रयोग भएका पाँचतारे, स्टिम बाथ, एक-दुई, त्यो, त्यहीँ, झन्डावाल जस्ता सम्बद्धकहरू कुनै समय, स्थानलाई निश्चितताका साथ निर्देश गर्न आएकाले यिनीहरू निश्चयवाचक सार्वनामिक सम्बद्धक हुन् । कथाको लम्वाइ अनुसार निश्चयवाचक सार्वनामिक सम्बद्धकको न्यून प्रयोग भएको पाइन्छ ।

**स्थानिक सम्बद्धक**

→ पाँचतारे होटलको जिमखाना । १

→ स्टिम सौनाको सानो तर सानदार कक्ष, मानौ एउटा प्रेसर कुकर थियो, जहाँ हामी दुवै आलु बनेर पसेका थियौं र उसिनिनका लागि व्यग्रताका साथ कुरिरहेका थियौं । १

→ उसले दुवै पाखुरामा टाटु खोपेको थियो- दायाँतिर महात्मा गान्धीको, बायाँतिर चेग्वेभारा । ४

→ ड्राइ साउना कक्षको पूर्वपट्टि ऊ बेडमाथि लम्पसार परेर आराम गरिहेको थियो । १२

→ नाइटोमुनि सेतो तौलिया ओढेको उसलाई हेरेर म हाँसे । १२

→ म सावर रुमभित्र छिरें । १३

→ "सुँगुर्नी ! मान्छे विदेश पठाएर गाउँ रितो बनाइसकी । १६

→ म जुरुक्क उठें र ज्यकुजीतिर लम्कें । १९

→ मैले फेरि सावर लिएँ र बेडमा लम्पसार परें । २३

⟶ ऊ पनि ज्यकुजीबाट फर्केर मसँगैको बेडमा पल्टिरहेको थियो । २४

⟶ "हजुरलाई आज रोयल बारमा लगेर बियर पिलाऊँ कि भन्ने सोची राछु ।" २६

⟶ यी कामहरू त ऊ घरमा बसीबसी गर्न सक्थ्यो । ३३

⟶ ऊ त्यहाँ थिएन तर तकियानिर उसको मोबाइल थियो । ३९

⟶ मैले डन सुतेको बेडमा हेरें । ३९

उपयुक्त वाक्यमा प्रयोग भएका होटल, स्टिम सौना, पाखुरा, दायाँ, बायाँ, ड्राइ साउना कक्ष, बेड, नाइटोमुनि, सावर रुम, विदेश, ज्यकुजी, रोयल बार, घर, तकिया जस्ता सम्बद्धक स्थानिक सम्बद्धक हुन् । जसले स्थानको जानकारी दिदै स्थानिक सम्बद्धकहरूको भूमिका पूरा गरेका छन् । कथामा स्थानिक सम्बद्धकहरूको अत्याधिक प्रयोग भएको पाइन्छ ।

**कालिक सम्बद्धक**

⟶ मैले पहिलो पटक ऊ मुस्कुराएको देखे । ८

⟶ पछिल्लो पटकको मोबाइल संवादबाट ऊ खुसी देखिएको थियो । ८

⟶ उसको संवादबाट थाहा पाउन सकिन्थ्यो - कुनै मान्छे एक-दुई दिनमा मर्दै छ । १५

⟶ एकछिन आरामले सास फेरुँ भने पनि कानमा त्यही चिन्डेले बोलेका कुराहरू प्रतिध्वनित भइरहेका थिए । २३

⟶ दुई दिनभित्र मेरो हातमा आइपुगेन भने," ३१

⟶ केही समयपछि उसले आँखा खोल्यो । ४१

उपयुक्त वाक्यमा प्रयोग भएका पहिलो पटक, पछिल्लो पटक, एक-दुई दिन, एकछिन, दुई दिन, केही समय जस्ता शब्दहरू कालिक सम्बद्धकहरू हुन् । जसले विभिन्न कालखण्डको जानकारी दिएको पाइन्छ ।

**संयोजन/संयोजक**

⟶ स्टिम सौनाको सानो तर सानदार कक्ष, मानौ एउटा प्रेसर कुकर थियो, जहाँ हामी दुवै आलु बनेर पसेका थियौं र उसिनिनका लागि व्यग्रताका साथ कुरिरहेका थियौं । १

⟶ स्टिम बाथको समयमा पनि ऊ तारन्तार मोबाइल चलाइरहेको थियो । २

मोबाइल उठाएर हेर्‍यो अनि कानमा सटायो । ७

⟶ आँखा चिम्म गरेर सुतिरहेको भान भए पनि सायद ऊ सुतिरहेको थिएन । १२

→ "ए कुरा त ठीकै हो नेताज्यू तर म तपाईको पार्टीमा कसरी आउनु ? ३६

→ ऊ त्यहाँ थिएन तर तकियानिर उसको मोबाइल थियो । ३९

→ यो मेरो नयाँ डन थियो, जो मलाई चिन्दैनथ्यो कि म उसको 'बडा डन' हुँ । ४८

उपयुक्त वाक्यहरूमा तर, र, पनि, अनि, भए पनि, तर, कि जस्ता संयोजनहरू प्रयोग भएका छन् । यस्ता संयोजनहरूले सङ्कथनमा व्यक्त विचारलाई विस्तार गर्न, विपरित देखाउन, समर्थन गर्न, तुलना गर्न र भनाइलाई सुगठित पार्न सहयोग पुऱ्याएका छन् । कथाको लम्वाइ अनुसार पनि र जस्ता संयोजकको बढी मात्रामा प्रयोग भएको पाइन्छ भने अरु संयोजकहरू न्यून मात्रामा प्रयोग भएको पाइन्छ ।

**पुनरावृत्ति सम्बद्धक**

→ पिस्तोलबाट निस्केको गोलीको डिकम्पोज्ड टोन-ठायँ, ठायँ । १

→ "बिजनेसम्यान !" हे, हे, हे । ३

→ "ल, ल हान्दे । घाइते नबनाउनु, अस्पतालमा सिटै छै ।" ३

→ एक हातले तौलिया र अर्को हातले मोबाइल समालेर ऊ जुरुक्क उठयो । ८

→ "भो भो !" उसले ढोका तान्यो । १०

→ चोर औंलालाई सीधा र बूढी औंलालाई माथितिर तन्काएर पेस्तोलको ट्रिगर दबाएझैं नक्कल गऱ्यो ।१४

उपयुक्त वाक्यमा प्रयोग भएका ठायँ-ठायँ, हे-हे-हे, ल-ल, भो-भो, हात-हात, औंला-औंला जस्ता शब्दहरुको पुनरावृत्ति भएको पाइन्छ । यसले वाक्यलाई मिठास गराउनुका साथै कथाको लम्बाईलाई बढाउन सहयोग पुगेको देखिन्छ ।

**प्रतिस्थापन सम्बद्धक**

→ यो मेरो नयाँ डन थियो, जो मलाई चिन्दैनथ्यो कि म उसको 'बडा डन' हुँ ।

उपर्युक्त वाक्यमा प्रयोग भएको नयाँ डन, जो जस्ता शब्दहरू प्रतिस्थापन भएर आएका छन् त्यसैले यिनी सर्वनामहरू नामका प्रतिस्थापन सम्बद्धकहरू हुन् । यिनले वाक्यलाई भद्धा हुनबाट बचाएका छन् ।

**लोप सम्बद्धक**

→ भो भो (पर्दैन पर्दैन) ! उसले ढोका तान्यो । १०

→ 'छप्ल्याङ !' (उसको आगमन) अचानक ज्यकुजीभित्रको पानीको सतह बढेर मेरो मुखसम्म आइपुग्यो ।

→ "के लेखेको छ (पढिस्) ?"

→ "स्साला फुटपाथे पत्रकार ! (पत्रकार) अगाडि भएको भए गोलीले उडाइदिन्थे ।

उपयुक्त वाक्यमा प्रयोग भएको पर्दैन पर्दैन, उसको आगमन, पढिस्, पत्रकार शब्द लोप भएर आएको छ । यसले वाक्यलाई पुनरावृत्ति हुनबाट बचाएको छ ।

**निपात सम्बद्धक**

→ "तपाईले बिर्सेपछि मैले सम्झेको नि । २६

→ एक जनाले त सक्भिनै पऱ्यो, नत्र कसरी दोस्ती चल्छ ?"२९

→ तँ त गुन लाउनेलाई ठहरै पार्ने पो रैछस् त !" २९

→ पैसा र पावरको गुरुत्वले हो वा देहको आकर्षणले, यसै भन्न सक्तिनँ तर डनका पछिपछि सुन्दरीहरू मात्र हो र ! ३५

→ "ए, हो र ! समानुपातिकको सिट दिनुहुन्छ ? ३७

माथिका वाक्यमा नि, त, त, पो, र जस्ता निपातहरू प्रयोग भएका छन् । कथाको लम्वाइ अनुसार निपात सम्बद्धकको एकदमै अत्यधिक प्रयोग भएको पाइन्छ भने अरु निपातहरू खासै प्रयोग भएको पाइदैन । यिनीहरूले वाक्यलाई सरस र मिठास भने ल्याएको पाइन्छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनमा साहित्यकार महेशविक्रम शाहद्वारा रचित सामाजिक परिवेश, राजनीतिक परिवेशको यथार्थमा आधारित रहेको 'बडा डन' कथाको सङ्कथन विश्लेषण गरिएको छ । सैद्धान्तिक रूपमा सङ्कथनका युक्ति भाषा अनुसार फरक रहे पनि नेपाली भाषामा प्रयोग हुन सक्ने सम्बद्धकहरूलाई व्याकरणिक र कोशीय गरी दुई प्रकारमा वर्गीकरण गरी अध्ययन गरिएको छ । जसमा सार्वनामिक सम्बद्धकअन्तर्गत म, हाम्रो ऊ उसले, त्यो पुरुषवाचक, आफू, म, मलाई जस्ता आत्मवाचक, त्यो, त्यहाँ, त्यहीँ निकटवर्ती, र, कि, जहाँ, वा सम्बन्धवाचक, के, को, कति, कसरी प्रश्नवाचक, कुनै, सायद अनिश्चयवाचक, पाँचतारे, स्टिम बाथ, एक-दुई, त्यो, त्यहीँ, झन्डावाल जस्ता शब्दहरू निश्चयवाचक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । स्थानिक सम्बद्धकअन्तर्गत होटल, स्टिम सौना, पाखुरा, दायाँ, बायाँ, ड्राइ साउना कक्ष, बेड, नाइटोमुनि, सावर रुम, विदेश, ज्यकुजी, रोयल बार, घर, तकिया जस्ता सम्बद्धको प्रयोग भएको छ । कालिक सम्बद्धकअन्तर्गत पहिलो पटक, पछिल्लो पटक, एक-दुई दिन, एकछिन, दुई दिन, केही समय जस्ता शब्दहरूको प्रयोग भएको छ । संयोजन/संयोजक सम्बद्धकअन्तर्गत तर, र, पनि, अनि, भए पनि, तर, कि जस्ता सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ । पुनरावृत्ति सम्बद्धकअन्तर्गत

कठायँ-ठायँ, हे-हे-हे, ल-ल, भो-भो, हात-हात, औंला-औंला जस्ता सम्बद्धकको प्रयोग भएको पाइन्छ । प्रतिस्थापन सम्बद्धकअन्तर्गत नयाँ डन, जो जस्ता सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ । लोप सम्बद्धकअन्तर्गत पर्दैन पर्दैन, उसको आगमन, पढिस्, पत्रकार जस्ता सम्बद्धकहरूको प्रयोग भएको छ भने निपात सम्बद्धकअन्तर्गत नि, त, त, पो, र जस्ता सम्बद्धक प्रयोग भएको छ । कोशीय सम्बद्धकअन्तर्गत पर्यायवाची, विपरीतार्थी, समावेश्य र समावेशक, सन्निधान वा सहप्रयोग सम्बद्धक प्रयोग भएका छन् । पर्यायवाची सम्बद्धकअन्तर्गत रिङटोन -सङ्गीतको टोन, शीतका थोपाहरू - पसिनाका बुँदहरू, गठिलो - आकर्षित  जस्ता सम्बद्धकको प्रयोग भएको छ भने विपरीतार्थी सम्बद्धकअन्तर्गत ख्याउटे - भीमकाय, पल्लो - ओल्लो, दायाँ - बायाँ जस्ता सम्बद्धक प्रयोग भएको छ । समावेश्य र समावेशक सम्बद्धक अन्तर्गत प्रेसर कुकर - आलु उसिनिन, लामोलामो सास - फोक्सो, लामो लामो सास - प्राणायाम, तातो बाफ - खलखली पसिना, एयर फोन - गीत सुन्न जस्ता सम्बद्धक प्रयोग भएको छ । सन्निधान वा सहप्रयोग सम्बद्धकअन्तर्गत प्रेसर कुकर, आलु, उसिनिन, पिस्तोल, गोली, टोन, बाफ, हुस्सु, छोपेको, सास, करङ, पेट, असला माछा, ढोका, खोलेर, भित्र पानी, तातोपन, ग्रहण, घुँडा, कम्मर, गर्धन जस्ता सम्बद्धकको प्रयोग भएको छ । त्यसैगरी सम्बद्धनअन्तर्गत सामान्य विशिष्ट, विशिष्ट सामान्य, प्रभाव र प्रतिफल, आर्थी पर्याय, आर्थी विपर्याय, परिचायत्मक, उद्देश्य प्रयोजन, अनुमान, निहितार्थ, प्रश्नोत्तर, प्रश्नार्थ, स्पष्टोक्ति, अनुक्रमबोधक, शीर्घताबोधक, स्मरण जस्ता विविध सम्बद्धन प्रयोग भएका छन् । 'बडा डन' कथामा प्रयोग भएका विविध सम्बद्धक र सम्बद्धनहरू मध्ये सङ्ख्यात्मक रूपमा हेर्दा सबैभन्दा बढी व्याकरणिक सम्बद्धक जसअन्तर्गत सार्वनामिक, स्थानिक, कालिक, संयोजन, निपातको प्रयोग भएको पाइन्छ भने लोप र प्रतिस्थापन सम्बद्धकको कथाको लम्बाईअनुसार न्यून मात्रामा प्रयोग भएको पाइन्छ । त्यसैगरी कोशीय सम्बद्धकअन्तर्गत विपरीतार्थी, पर्यायवाची, समावेशक-समावेश्य, सन्निधान वा सहप्रयोग जस्ता सम्बद्धक समेतको न्यून मात्रामा प्रयोग भएको देखिन्छ । सम्बद्धनअन्तर्गत आर्थी पर्याय, आर्थी विपर्याय, अनुक्रमबोधक, स्पष्टोक्ति, प्रभाव र प्रतिफल, निहिताबोधक, सामान्य विशिष्ट, शीघ्रतनबोकको बढी प्रयोग भएको देखिन्छ भने प्रश्नार्थक, प्रश्नोत्तर, अनुमान, परिचयात्मक, अनुमान जस्ता सम्बद्धनहरूको न्यून प्रयोग भएको पाइन्छ । यी बाहेक स्मरण, उद्देश्य, विशिष्ट सामान्यको सम्बद्धन प्रयोग भएको नभएको पाइन्छ । निष्कर्षमा 'बडा डन' कथालाई एउटा पूर्ण पाठ/सङ्कथन मानेर सम्बद्धक र सम्बद्धनको प्रयोगका दृष्टिले विश्लेषण गरिएको छ । सङ्कथनका दृष्टिले कथा रोचक, उपयुक्त, मिठासपूर्ण नै रहेको देखिन्छ ।

## सन्दर्भसूची


अधिकारी, ईश्वरी (२०७६), *आमा ! जानुहोस् कथाको सङ्कथन विश्लेषण,* नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा) ।

अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषा विज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६२), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन ।

गौतम, देवीप्रसाद (२०६९), *'सङ्कथन विश्लेषण',* स्नातक नेपाली, काठमाडौँ : पिनाकल पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

भण्डारी, पदम (२०६९), *केही राष्ट्रिय रोग : एक अनुसन्धान निबन्धको सङ्कथनपरक विश्लेषण,* अप्र.शोधपत्र, काठमाडौँ : त्रिविवि, नेपाली केन्द्रीय विभाग ।

भुसाल, चन्द्रा (२०७७), *'गाउँको माया' कथाको सङ्कथन विश्लेषण,* नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत क्याम्पस (शिक्षा) ।

शर्मा, विष्णुप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।